BRITISH COUNCIL

UK aid from the British people


# नेपालमा जलवायु परिवर्तन :

# सार्वजनिक बहसमा महिला नेतृत्व र आवाज

दोस्रो संस्करण







# विषय सुची


प्रस्तावना — शाहिदा म्याकडुगल

भुमिका — जोसलिन टिम्पर्ले

भुमिका — सुबिना श्रेष्ठ

भागिरथी पण्डित

भाषा शर्मा

चाँदनी कठायत

दुर्गा राना मगर

ईन्द्रा केसी

मोनिका मल्ल

रूपा गहतराज

सारा साप्सानाम्मा राई

सरला रेग्मी

उषा तामाङ

आभार

## प्रस्तावना

## शाहिदा म्याकडुगल



नेपालका उदाउँदा पत्रकारहरुको एक प्रतिभाशाली समूहले सिर्जना गरेको यो सङ्ग्रह प्रस्तुत गर्न पाउँदा म अत्यन्त खुसी छु । विगतका दुई वर्षमा, ब्रिटिश काउन्सिलले जलवायु परिवर्तनको अत्यावश्यक मुद्दा र यसले आफ्नो देशका समुदायहरुमाथि पारेको प्रभावप्रति ध्यानाकर्षण गराउन २६ जना पत्रकारहरुसँग काम गरेको थियो ।

यस पहलका बारेमा उल्लेखनीय कुरा के छ भने यो समूहमा सबै महिलाहरु मात्र थिए, जसले जलवायु परिवर्तन र लैंगिकताको अन्तरसम्बन्ध दर्शाउन ठूलो योगदान पुऱ्याएका छन् । उनीहरुले आफ्नो समाचार संकलन मार्फत प्रायः मूलधारको मिडियामा सीमान्तकृत समुदायहरुलाई आवाज दिएका छन् ।

आसन्न कोप २७ को सम्मेलनलाई मध्यनजर गर्दै, ब्रिटिश काउन्सिलले राष्ट्रिय सञ्चार माध्यमका थप १० जना  पत्रकारहरुलाई मार्गदर्शन र तालिम दिन सक्रिय भूमिका खेलेको छ । व्यवसायिक पत्रकारहरुको यो नयाँ समूहले नेपाल र बेलायत दुवैका पत्रकारिता, चलचित्र निर्माण र कथा भन्ने विज्ञहरुबाट सिक्ने अवसर पाएको छ ।

जसको नतिजा स्वरुप लेख-रचना, टिभी वित्तचित्र र रेडियो कार्यक्रमहरुको एउटा आकर्षक संग्रह तयार भएको छ जुन नेपालका सातै प्रदेशका हजारौँदर्शक र स्रोताहरुसम्म पुगेको छ । विविधता र समावेशीकरणप्रति ब्रिटिश काउन्सिलको प्रतिबद्धता यस पहलको अभिन्न अंग रहेको छ, जसले महिलाहरुलाई अन्तर्सम्बन्धित चुनौतिहरुबारे छलफल गर्न र उनीहरुको सीप, सञ्जाल र ज्ञानको विकास गर्न एक-अर्काको सहयोग प्राप्त गर्ने एउटा निश्चित  ठाउँ उपलब्ध गराएको छ ।

यी प्रतिवद्ध महिला पत्रकारहरुको अद्भूत कार्यमार्फत् प्रस्तुत गरिएका यी वास्तविक यथार्थलाई यस संकलनका पाठकहरुले कदर गर्नँ हुनेछ भन्ने म आशा गर्दछु । सीमान्तकृत आवाजहरुलाई बढावा दिएर, उनीहरुले हाम्रो समयका केही महत्त्वपूर्ण मुद्दाहरुलाई सम्बोधन गर्दै नेपालमा थप बलियो र समावेशी रचनात्मक अर्थतन्त्रको विकास गर्न मद्दत गरिरहेका छन् ।

## भुमिका

## जोसलिन टिम्पर्ले



विश्वभर नै जलवायु परिवर्तनले पुरूषलाई भन्दा फरक र अझ नराम्रो तरीकाले महिलालाई प्रभाव पारि नै रहेको छ। जलवायु परिवर्तनलाई "जोखिम बढाउने तत्व" पनि भनिन्छ, पहिले नै जोखिममा परेका महिला धेरैजसो जलवायु परिवर्तनबाट पनि प्रभावित हुन्छन्।

यो कुरा नेपालमा निश्चय नै लागु हुन्छ, जहाँ महिला कम शिक्षित छन्, श्रोतसाधनमा उनीहरूको पहुँच कम छ र उनीहरू लैङ्गिकता सम्बन्धी नियमहरूमा बाँधिएका हुनसक्छन् । कृषिमा काम गर्ने अधिकांश मानिस महिला हुन्, घरको लागि पानी ल्याउने जिम्मा उनीहरूकै हुन्छ, र उनीहरू जुन जमीनमा खेती गर्छन् त्यो उनीहरूको आफ्नो हुँदैन। विपतपछि अक्सर उनीहरू बढि जोखिममा हुन्छन् ।

जलवायु परिवर्तन सम्बन्धी लेखिने समाचारमा यी कुराहरू अक्सर छुट्ने गर्दछन् । त्यसैले ब्रिटिश काउन्सिल नेपालले सन् २०२२ मा फेरी जलवायु परिवर्तनको विषयमा महिला पत्रकारहरूका लागि कार्यशाला र अनुदानको कार्यक्रम अघि बढाएको छ । हामीले यो कार्यशाला सजिलो हुने गरी पाँच हप्ताको अवधीमा अनलाइन सञ्चालन गर्यौं । यो कार्यशालाले जलवायु पत्रकारिताका प्राविधिक पक्ष देखि लिएर महिलालाई जलवायुले पार्न सक्ने प्रभावका बारेमा जानकारी दिएको थियो ।

समाचारमा धेरैजसो पत्रकारले कसरी जलवायु परिवर्तनले महिलालाई प्रभाव पारिरहेको छ भन्ने विषय रोजेका थिए, जस अन्तर्गत उनीहरूले कृषि र जलवायु परिवर्तनबीचको सम्बन्धलाई उजागर गरेका थिए ।

यो एकदम सुहाउँदो छनोट हो। कार्बन उत्सर्जन गर्ने देशको सूचीमा नेपाल करीब ७०औं छ, तर नेपाल जलवायु परिवर्तनबाट सबैभन्दा बढि जोखिममा परेको देशमध्ये एक हो । नेपालका करीब तीन चौथाई महिला कृषि क्षेत्रमा काम गर्छन्, जबकि ५२% पुरूष मात्र कृषि क्षेत्रमा छन् ।

यी कथाहरू भन्नु कति जरूरी छ भन्ने कुरामा जति जोड दिए पनि पुग्दैन। यी प्रतिभाशाली पत्रकारहरू भेट्नु मेरा लागि गौरवको कुरा हो । उनीहरूका लागि पनि मैले भविष्यमा जलवायु परिवर्तन र लैङ्गिकताका बारेमा अरू धेरै समाचार लेख्ने आधार दिन सफल भएँ भन्ने मेरो आशा छ ।

## भुमिका

## सुबिना श्रेष्ठ



नेपालमा पत्रकारका रुपमा काम गर्दा विपतको बारेमा समाचार संकलन गर्नु वार्षिक घटना जस्तै हो। नेपालको नाजुक भूगोल, र त्यसमाथि जलवायु परिवर्तनको प्रभाव र सुशासनको अभावले गर्दा जब विपत्ती आउँछ, सबभन्दा विपन्न र सामाजिक रुपमा जोखिममा रहेका मानिस नै सबभन्दा बढि प्रभावित हुन्छन् । स्वभाविक रुपमा, यी विपत्तीको सामना गर्ने अग्रपंक्तिमा महिला नै हुन्छन् ।

एक नेपाली महिलाका रुपमा म यहाँको शक्ति संरचनाका बारेमा र यो देशका अधिकांश भागमा महिला भएर बाँच्नु कति जोखिमपुर्ण छ भन्ने कुराका बारेमा सधैं संवेदनशील छु । यहि कारणले म देशभरका महिला पत्रकार र सहकर्मीहरुसँग काम गर्ने बारेमा निकै खुशी थिएँ ।

मेरा लागि यो कार्यशाला भनेको बृहत्तर विश्व र जलवायु परिवर्तनका सन्दर्भमा यी शक्ति संरचना बुझ्नु थियो । यो कुरा अझ राम्रोसँग बुझ्नका लागि हामीले दक्षिण एशियाबाट महिला जलवायु वैज्ञानिकहरु र जलवायु सम्बन्धी वृत्तचित्र बनाउने नेपाली चलचित्रकर्मीहरुलाई ल्यायौं र सक्रिय कृषकहरु सँग कुराकानी गर्यौं । यी सत्रहरु अनलाइन भएता पनि हामीले यिनीहरुलाई सकेसम्म अन्तर्क्रियात्मक बनाउने कोशिश गर्यौं । सहभागीहरूले त्यतिबेला पाकिस्तानमा भएको बाढि पहिरोको घटनाबारे र नेपालको बदलिँदो कृषि शैलीप्रतिको अन्तर्राष्ट्रिय प्रतिक्रियाहरुका बारेमा छलफल गरे ।

मेरा सहकर्मीहरुले संकलन गरेका समाचार देखेर म स्तब्ध छु । कुनै कुनै कथाहरु निकै नै व्यक्तिगत थिए, र प्रायजसो, कसैलाई यी मुद्दाको बारेमा गहिरो चासो भएका कारण यी कथा भन्न चाहन्थ । सबै कथाहरु शुरु मै सफल त भएनन्, तर त्यसपछि सहभागीहरुले सम्पर्क बढाउन पर्यो र आफुलाई सजिलो लाग्ने दायराबाट बाहिर निस्किनु पर्यो । यो यात्रा पनि उनीहरूको उत्पादन जत्तिकै महत्वपुर्ण रह्यो ।

यो प्रकृयामा मेरो व्यक्तिगत विकास भयो। मैले नेपाली भाषामा काम गर्न खोज्दिनथैं, तर नेपाली भाषामा लेख्ने र प्रसारण गर्ने सहकर्मीहरुसँग भेटेपछि म आफ्नो त्यो अडान फेर्दै छु । कुनै कुनै बेलामा यो नै चुनौतीपुर्ण रह्यो, तर कुनै कुनै सहभागीले यसमा गरेको मेहनत देखेपछि त्यो चुनौती सार्थक भयो। मेरा लागि यो प्रकृया जति रमाइलो थियो, सहभागीहरुका लागि पनि त्यस्तै भयो भन्ने मेरो अपेक्षा छ ।



## भागिरथी पण्डित

**भागिरथी पण्डितको घर सिन्धुपाल्चोक हो । उनले आमसञ्चारमा स्नातकोत्तर गरेकी छिन् र सामुदायिक रेडियो र अनलाइन मिडियामा पनि काम गरेकी छिन् । हाल उनी aayomail.com मा काम गरिरहेकी छिन्, जहाँ उनी सामाजिक मुद्दामा समाचार संकलन गर्छिन् ।**

“यस कार्यक्रमबाट मलाई व्यवसायीकताको हिसाबले निकै सहायता मिलेको छ । वर्षातको बदलिँदो रुपले हेलम्बुबासीको आम्दानीको स्रोत स्याउ खेती नासिएपछि उनीहरुले लामो समय आलु, मुला र करु खेती गरेर जिविकोपार्जन गरेका र पछिल्लो समय किवी खेती आम्दानीको नयाँ आशाको रुपमा उदाएको विषयलाई मैले समेटेकी छु । हेलम्बुको स्याउको बारेमा यथेष्ट जानकारीको अभाव देखेँ । हेलम्बुको स्याउको इतिहास विलय हुन दिनु हुँदैन र स्याउ खेती गर्नेहरुको पिडालाई खोतल्नुपर्छ भन्ने लागेर मैले यो विषय रोजेँ । जंगलमा सेर्माथानको बागवानी फारम खोज्नु र त्यस फारममा काम गर्ने स्थानीय कर्मचारी भेट्नु चुनौतीपुर्ण रह्यो । आफु हेलम्बुबासी भए पनि अर्को समुदायको व्यक्ति हुँदा भाषाको अवरोध भएको थियो । आगामी दिनहरुमा मेन्टरिङ सेसनमा सिकेको ज्ञानलाई आत्मसात गर्नेछु ।”




पढ्न क्लिक गर्नुहोस्







## भाषा शर्मा

**भाषा शर्मा बाग्लुङको सुखौराबाट आएकी हुन् । उनले आफ्नो पेशाको शुरुवात स्थानीय पत्रपत्रिका र रेडियोबाट गरेकी थिइन् र उनी लामो समयदेखि सञ्चार क्षेत्रमा संलग्न छिन् । उनी नेपाल रिपब्लिक मिडियाको राजनीतिक ब्यूरोमा वरिष्ठ संवाददाताका रुपमा कार्यरत छिन् ।**

“जलवायु परिवर्तन र लैंगिकताको विषय सधैंभरि उठाउनुपर्ने महत्वपूर्ण विषय भएकाले म यसलाई निरन्तरता दिनेछु । राम्रो सम्भावना हुँदाहुँदै र महिलामैत्री भएतापनि नेपालमा रेशम खेती घट्दै गएकाले सरकारको पनि यसप्रति ध्यान जाओस् भन्ने उद्देश्यले रेशम किरा खेतीको विषय रोजेकी थिएँ । महिला किसानहरुका लागि निकै राम्रो अवसर भएको क्षेत्र भएको पाएँ । रिर्पोटिङका लागि नुवाकोटको म्यागङ गाउँपालिकाको लामिडाँडा पुग्दा त्यहाँका रेशम किराको खेती गर्ने किसान दंग परेका थिए । किन, कसरी, हाम्रो विषय उठान गर्न आउनुभयो? विभिन्न प्रश्न गर्दै रमाइलो मानेका थिए । ब्रिटिश काउन्सिलको कार्यक्रमले जलवायु परिवर्तनका विषयमा मेरो बुझाई फराकिलो बनाएको छ । पत्रकारिताको क्षेत्रमा विषयवस्तु बुझ्ने राम्रो र महत्वपूर्ण अवसर र उपलब्धीको रुपमा यो कार्यक्रमलाई लिएकी छु ।”







# चाँदनी कठायत

**चाँदनी कठायतको घर सुर्खेतको लेकबेशी हो । उनको यात्रा रेडियोमा समाचार निर्माता र प्रस्तोताको रुपमा शुरु भएको थियो । उनले कान्तिपुर दैनिकको सुर्खेत संवाददाताको रुपमा पनि काम गरिसकेकी छिन् । हाल उनी [Globalpressjournal.com](http://Globalpressjournal.com) का लागि प्रशिक्षार्थी पत्रकारको रुपमा काम गरिरहेकी छिन् ।**

“ मैले जलवायु परिवर्तनसँग सम्बन्धित समाचारहरु विरलै मात्रै लेखेकी थिएँ । यस तालिमबाट जलवायु परिवर्तनको सामान्य परिचयदेखि नेपाल र विश्वमा जलवायु परिवर्तनको असरबारे भइरहेका क्रियाकलापलाई सञ्चार माध्यमले कसरी प्रस्तुत गरिरहेका छन् भन्ने बारे जान्ने अवसर मिल्यो । तालिमबाट जलवायु परिवर्तन र लैङ्गिकतासँग सम्बन्धित विषयहरु के-के हुन सक्छन् र स्रोतको खोजी कसरी गर्ने भन्ने कुरा मैले गहिरो तरिकाले सिक्ने अवसर पाएँ । अनुदानका लागि मैले जलवायु परिवर्तनका कारण पानीका मुहानहरु सुकेपछि राउटे महिलामा परेको प्रभावको विषय छनोट गरेँ । यस विषयमा कुनै वैज्ञानिक अध्ययन नभएपनि छलफल भने भइरहेका छन् । आगामी दिनमा तालिमबाट सिकेका कुरालाई ख्याल गर्दै जलवायु परिवर्तनसँग सम्बन्धित विषयहरु उठान गर्ने प्रतिवद्धता जनाउँछु । ”




पढ्न क्लिक गर्नुहोस्







## दुर्गा राना मगर

**दुर्गा राना मगरको घर धादिङ हो र हाल उनी पोखरामा बस्छिन् । उनले रेडियो पत्रकारका रुपमा आफ्नो करियर शुरु गरेकी थिइन् र अहिले उनी एक अनलाइन न्यूज पोर्टलसँग आबद्ध छिन् । उनी बालबालिका, महिला, लैङ्गिक समानता, अपाङ्गता अधिकार र जलवायु परिवर्तनका विषयमा लेख्छिन् ।**

“यस अनुदान कार्यक्रममा सहभागी भएर जलवायु परिवर्तनको मुद्दालाई नजिकबाट चिन्ने र बुझ्ने मौका पाउँदा म खुसी छु । औपचारिक रुपमा मैले जलवायु परिवर्तनबारे बुझ्न पाएकी थिइन तर यसबारे बुझ्ने र लेख्ने उत्साह भने थियो । जलवायु परिवर्तनले फेवाताल, त्यसमा आश्रित जलचर प्राणी र त्यसमा पनि आश्रित रहेको जलारी समुदायमा पारेको असरबारेको गम्भीर मुद्दालाई बाहिर ल्याई लेखिनुपर्छ भनेर लेखेकी हुँ । कार्यक्रममा प्रशिक्षकहरुबाट पाएको मार्गनिर्देशनले जलवायु परिवर्तन र महिलाको मुद्दाका अनेकौं आयामलाई बुझ्न र यसबारेमा लेख्न प्रेरित गर्यो । जलवायु परिवर्तनको गम्भीर र संवेदनशील मुद्दाबारे लेखिनुपर्छ, बोलिनुपर्छ भन्ने आवश्यकताले मलाई झकझकायो ।”




पढ्न क्लिक गर्नुहोस्







## ईन्द्रा केसी

**ईन्द्रा केसीको घर कैलाली हो । उनले आफ्नो यात्रा रेडियोबाट शुरु गरेकी थिइन् र अहिले उनी रेडियो घोडाघोडीमा समाचार वाचकको रुपमा कार्यरत छिन् । उनी सुदूर सन्देश दैनिक पत्रिकाको संवाददाताको रुपमा लैङ्गिक र सामाजिक मुद्दाहरुका बारेमा पनि लेख्ने गर्छिन् ।**

“ यो अनुदानबाट धेरै कुरा सिक्ने अवसर प्राप्त भयो र काम गरिरहँदा चुनौती पनि रहे । भौगौलिक रुपमा सुरुमा कैलालीको चुरे, भजनी जस्ता ठाउँ पुग्न निकै समस्या भएको थियो । त्यहाँका स्थानियहरु सबै पत्रकार आउँछन् जान्छन् भन्दै बोल्न सकस मान्दथे । त्यहाँ बुझ्दै जाँदा बाढी पहिरो पिडितहरुको अवस्था नाजुक छ, उनीहरु शिक्षा र स्वास्थ्य सेवाबाट वञ्चित छन । मैले वातावरण र जलवायु परिर्वतनमा नै लेखिरहने हुनाले कसरी मानवीय कारण सहित जलवायु परिवर्तनको असरले बाढी पहिरोमा वृद्धी भयो भन्ने विषय रोजेकी हुँ । आगामी दिनमा पनि म यी विषयहरुलाई निरन्तरता दिनेछु । मेन्टर हरुबाट कसरी काम गर्नुपर्छ भन्ने कुराको राम्रो जानकारी भयो । विज्ञ प्रशिक्षकहरुबाट प्रशिक्षण लिन पाउँदा राम्रो सिकाई भएको छ । ”













## मोनिका मल्ल

**मोनिका मल्ल काठमाडौंको साँखुमा बस्छिन् । उनी केही वर्षदेखि स्वतन्त्र फोटो पत्रकारको रुपमा काम गरिरहेकी छिन् । उनले धेरै सञ्चार माध्यमहरुसँग काम गरिसकेकी छिन् र उनी फरक खाले र कम मात्र संकलन गरिने खालका कथा र दृश्यहरुको निरन्तर खोजीमा हुन्छिन् ।**

“नेपाली समाजमा महिलाको दोस्रो दर्जा छ भने आय आर्जन गर्ने पुरुषको दर्जा उँचो छ । तर परिवारमा आर्थिक समस्या हुँदा भने महिलाले नै बढि दुःख पाउँछन् । जलवायु परिवर्तनले महिला कृषकलाई गहिरो प्रभाव पार्छ । यो अनुदानले मलाई जलवायु परिवर्तन र महिलामाथि पार्ने गहिरो प्रभावको मुद्दालाई नजिकबाट नियाल्ने मौका दियो । सिन्धुलीका महिला किसान घाटामा छन् र आर्थिक संकट भोगिरहेका छन्, तर यो समस्याको समाधान गर्नका लागि सरकारले अझै कुनै ठोस कदम चालेको छैन । ब्रिटिश काउन्सिलको कार्यशालाले मलाई जलवायु परिवर्तन र वातावरणको मुद्दामा फरक छुट्याउन सिकायो, जसले गर्दा मलाई काम गर्न सजिलो भयो ।”




पढ्न क्लिक गर्नुहोस्







## रुपा गहतराज

**रुपा गहतराजको घर बाँके हो । उनले रेडियोबाट आफ्नो करियरको शुरुवात गरिन् र पछि छापा माध्यममा काम गर्न थालिन् । यसअघि गोरखापत्र दैनिकमा काम गरिसकेकी उनी अहिले कान्तिपुर दैनिकसँग आबद्ध छिन्, जहाँ उनी महिला र बालिकाका मुद्दाका बारेमा लेख्छिन् ।**

“ यो तालीमले मलाई जलवायु परिवर्तनका असरलाई जोडेर स्टोरी उत्पादन गर्न मदत गर्यो, साना देखिने तर गहिरो प्रभाव छाडने कुराहरु नियाल्न सिकायो । यो ज्ञान र सिपले मैले आफ्नो पेशालाई थप मजबुत बनाएको महसुस गरेकी छु । यो प्राविधिक विषय भएकाले यो मानिसको जिवनसँग कसरी जोडिन्छ भनेर बुझ्न यो तालिमले अवसर दियो । एउटी महिलाको जिवन नै खेतीपातीमा बित्छ । आफ्नो पौरखले बाचेकाहरु कसरी प्रकृती बाट ठगिन्छन् भन्ने कुरा मैले नजिकबाट नियाल्न पाएँ । जलवायु परिवर्तनले महिलालाई पारेको असरबारे थप समाचारहरु आउन बाँकी छन् । त्यसैले जलवायु परिवर्तनका बिषयमा लेख्न थप उत्साह प्रदान गरेको छ । ”










## सारा साप्सानाम्मा राई

**सारा साप्सानाम्मा राई भोजपुरबाट आएकी हुन् । उनी हाल कान्तिपुर टेलिभिजनमा सहायक वरिष्ठ उपसम्पादक र समाचार वाचकको रुपमा कार्यरत छिन् । उनी परिवर्तनलाई प्रेरित गर्ने र आम जनतासँग सम्बन्धित मुद्दाहरुमा कुराकानी शुरु गर्न सक्ने खालका कथाहरु भन्नु पर्छ भन्ने कुरामा विश्वास गर्छिन् ।**

“जलवायु परिवर्तनमा महिला कार्यक्रममा मेरो सहभागिता संघीयता लागु भएपछिको दोस्रो आमनिर्वाचन शुरु हुने बेलामा भएको थियो । विभिन्न पार्टिहरुको चुनावी घोषणापत्रको विषयमा रहेको मेरो पहिलो समाचारले राजनीतिक दलहरु जलवायु परिवर्तनप्रति कतिको संवेदनशील छन् र महिलामाथि पर्ने असमान प्रभावलाई उनीहरुले कसरी हेरेका छन् भन्ने बारेमा थियो । मेरो दोस्रो समाचारमा मैले वायु प्रदुषणका कारण र समाधान खोतल्ने प्रयास गरेकी थिएँ । ब्रिटिश काउन्सिलको कार्यक्रम र त्यहाँ प्रस्तुत गरिएका पाठ्यक्रम, र विज्ञ र यो क्षेत्रमा उपलब्धी हासिल गरेका मानिससँगको पहुँचले मलाई मेरो समाचार संकलनको सीप अभिवृद्धी गर्ने मौका दियो । पत्रकारका रुपमा म जलवायु परिर्वतनका प्रभाव र वातावरण मैत्री निर्णय लिनु पर्ने विश्वव्यापी आवश्यकतालाई प्रकाशमा ल्याउने काम गरिरहन प्रतिबद्ध छु ।”












## सरला रेग्मी

**सरला रेग्मीको घर सुनसरीको धरान हो । रेडियोबाट आफ्नो पत्रकारिता शुरु गरेकी उनी पत्रपत्रिका हुँदै अहिले अनलाइन मिडियामा संलग्न छिन् । उनी लैङ्गिक कोणबाट कथाहरु संकलन गर्छिन् र जलवायु परिवर्तन र लैङ्गिकता बीचको अन्तरसम्बन्ध देखाउन उत्सुक हुन्छिन् ।**

“ यो तालिम मार्फत मलाई वातावरण र जलवायु परिवर्तनका विषयबस्तु छान्ने, रिपोर्टिङ गर्ने, स्रोत पत्ता लगाउने, आएका तथ्यांकलाई जाँच्ने, र जलवायु परिवर्तनले पारिरहेको प्रभावलाई उजागार गर्ने व्यवसायीक सीप हासिल गर्न सहयोग पुगेको छ । अलैँची मैले काम गर्ने क्षेत्रको प्रमुख आम्दानिको स्रोत हो । अलैँची खेतीले महिलामाथि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा परेको असर मैले नजिकबाट देखेका कारण यो विषय रोजेँ । कार्यक्रममा भाषा रुपान्तरण गर्ने शैली राम्रो लाग्यो । अत्यन्तै सहज, विज्ञ, सीप सिकाउन दक्ष र प्रशिक्षार्थीको कुरा सुन्ने प्रशिक्षक हुँदा हरेक सत्र महत्वपूर्ण बन्यो । जलवायु परिवर्तनले हाम्रो समाजका विभिन्न आयामहरुलाई पारीरहेको प्रभावलाई उजागार गर्नका निम्ति धेरै जानकारी भयो । ”

पूर्वी पहाडको ‘कालो सुन’मा रोग र कीरा, सुक्दैछ महिलाको आम्दानी

पढ्न क्लिक गर्नुहोस्







## उषा तामाङ

**उषा तामाङ दोलखाको बोचबाट आएकी हुन् । उनले दोलखाको कालिञ्चोक एफएमबाट पत्रकारिताको शुरुवात गरेकी थिइन् र हाल देशभरका सामुदायिक रेडियोहरुको नेटवर्क सिआइएनमा काम गरिरहेकी छिन् । उनी जलवायु परिवर्तन, कृषि र आदिवासी जनजातिबीचको अन्तरसम्बन्धका बारेमा चासो राख्छिन् ।**

“ ब्रिटिश काउन्सिलसँगको सहकार्यपछि जलवायु परिवर्तन, वातावरण र लैङ्गिकता मेरो बीट हो भन्नेमा म निश्चित भएकी छु । यसै क्रममा म उपत्यका बाहिरको जिल्ला भ्रमणमा गएँ, र उपत्यकामा हुने कार्यक्रमहरूमा निमन्त्रणा आउन थालेका छन् । दुई महिनामा जलवायु परिवर्तनका विषयमा ५ ओटा रेडियो रिपोर्ट तथा कार्यक्रम तयार गरेपछि म उत्साहित भएकि छु । मलाई काम गर्न असहज भएन तर त्यहि समयमा निर्वाचन परेको हुँदा केही चुनौति आएका थिए । कृषि र वन मेरो प्राथमिकतामा पर्ने विषय हुन्, र यसैमा महिला आश्रित छन । मिचाहा प्रजातिबारे खासै केही समाचार नबनेको हुँदा मैले यसलाई प्राथमिकता दिएँ । कार्यशाला गर्ने तरिका, अनि हामीलाई उत्प्रेरणा दिन गर्नुभएको सहयोगका लागि म ब्रिटिश काउन्सिलप्रति आभारी छु । ”

नेपालमा मिचाहा प्रजातिको वनस्पतिको प्रकोप बढ्दै गएको छ ।

हेर्न क्लिक गर्नुहोस्

बिहानको हेडलाइन समाचार

१२ पौष २०७९

हेर्न क्लिक गर्नुहोस्

समाचार
बुलेटिन
साझा खबर

सुन्न क्लिक गर्नुहोस्

मिचाहा वनस्पति
फैलँदै, विज्ञ
भन्छन्-बेलैमा
बुद्धि पुऱ्याउँ

पढ्न क्लिक गर्नुहोस्



# आभार

यस पहल र प्रकाशनमा योगदान पुऱ्याउने सबै विज्ञहरुप्रति ब्रिटिश काउन्सिल कृतज्ञता व्यक्त गर्दछ र वहाँहरुको योगदानको पहिचान पनि गर्दछ ।

कार्यशालाको नेतृत्व र पत्रकारहरुको मार्गदर्शन गर्नुभएकोमा जलवायु तथा विज्ञान पत्रकार जोसेलिन टिम्पर्ली र पत्रकार तथा चलचित्र निर्माता सुविना श्रेष्ठलाई विशेष धन्यवाद ।

हामी पर्यावरणविद् तथा पाकिस्तानको आगा खान विश्वविद्यालय शैक्षिक विकास संस्थान (एकेयु-आइइडि) का सह-प्राध्यापक डा. फोजिया ताहिर, फिल्म निर्माता तासी बिस्ट, जलवायु अधिवक्ता तथा बेलायतका पोडकास्टर एडम लेवी (क्लाइमेट एडम), पाल्लेगाउँ अर्गानिक फार्मका मालिक गोविन्द घिमिरे र क्यानडाको ब्रिटिश कोलम्बिया विश्वविद्यालयमा लाइफवेज इन इन्डिजेनस एसियाका सह-प्राध्यापक डा. पासाङ याङ्जी शेर्पाप्रति हाम्रो कार्यशालाका लागि अमूल्य योगदान र सहयोग पुर्याउनु भएकोमा आभार व्यक्त गर्दछौं ।

बेलायती दूतावास काठमाडौंका जलवायु तथा वातावरण सल्लाहकार उगान मानन्धरलाई पनि उहाँको बहुमूल्य सल्लाह र जानकारीका लागि हामी धन्यवाद दिन चाहन्छौं ।

अन्त्यमा, हामी नेपाली महिलाहरुलाई जलवायु संवादमा सहभागी हुन यी अवसरहरु सिर्जना गर्न आवश्यक आर्थिक सहयोग उपलब्ध गराइदिनु भएकोमा युकेएडलाई धन्यवाद दिन चाहन्छौं ।

सल्लाह तथा सुझावको लागि,
**arts@britishcouncil.org.np मा ईमेल गर्नुहोला ।**

**© British Council 2023**

The British Council is the UK's international organisation for cultural relations and educational opportunities.